आज मिति २०८२।०६।२८ गते मंगलबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं ३ नं. वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | ६ नं. वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | ७ नं. वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. वासु पण्डित, वरिष्ठ शाखा अधिकृत

२. उदगाम तिमिल्सिना, वरिष्ठ लेखा अधिकृत

३. तेज कुमार धमला, अधिकृत छैटौं

## कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची

बैठक संख्याः ६१
अध्यक्षताः श्री दानबहादुर गुरुङ, गाउँपालिका अध्यक्ष
बैठक मितिः २०८२।०६।२८
बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समयः विहान १०:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२।०६।२८ | १०:०० बजे | इच्छाकामना गा.पा.-३, कुरिनघाटमा सञ्चालित तिज विशेष कार्यक्रमलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा। | सामाजिक विकास शाखा | १ |
| २०८२।०६।२८ | १०:०५ बजे | बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने वैकल्पिक हेरचाहसम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा। | सामाजिक विकास शाखा | २ |
| २०८२।०६।२८ | १०:१० बजे | २०८२ सालको चेपाङ जातीहरुको राष्ट्रिय पर्व न्वाँगी (छोनाम) को अवसरमा आयोजना हुने साँस्कृतिक कार्यक्रमको लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | सामाजिक विकास शाखा | ३ |
| २०८२।०६।२८ | १०:१५ बजे | इलाका प्रहरी कार्यालयले प्रयोग गरेको इन्धन बापतको रकम भुक्तानी सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ४ |
| २०८२।०६।२८ | १०:२० बजे | पशु प्रबर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ सम्बन्धमा। | पशु विकास शाखा | ५ |
| २०८२।०६।२८ | १०:२५ बजे | श्री राष्ट्रिय आधारभूत विद्यालय, खेतबारीको विद्यालय भवन मर्मत सम्बन्धमा। | शिक्षा शाखा | ६ |
| २०८२।०६।२८ | १०:३० बजे | २०८२ सालको लक्ष्मी पुजाको अवसर पारेर श्री इच्छाकामना त्रिवेणी कला केन्द्र, इच्छाकामना-५, मुग्लिङले आयोजना गर्न लागेको दिपावली साँझ तथा विविध सास्कृतिक कार्यक्रमको लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ७ |
| २०८२।०६।२८ | १०:३५ बजे | साझेदारीमा समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम सञ्चालनका लागि यस कार्यालयको तर्फबाट बेहोर्नुपर्ने रकमको हिस्सा उपलब्ध गराउने सम्बन्धमा। | कृषि/पशु विकास शाखा | ८ |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २०८२।०६।२८ | १०:४० बजे | गाउँपालिकाको राजमार्ग क्षेत्र आसपासको फोहर व्यवस्थापन सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ९ |
| २०८२।०६।२८ | १०:४५ बजे | ठेक्का नं. NCB/IRM/07/080/081, दाहाखानी स्कूलदेखि नयाँ गाउँ टार सडक स्तरउन्नती सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १० |
| २०८२।०६।२८ | १०:५० बजे | जेन्जी आन्दोलनको क्रममा २०८२ भाद्र २४ गते कार्यालयमा भएको तोडफोड र आगजनीबाट क्षति भएको जिन्सी समाग्रीहरुको सम्बन्धमा तयार पारिएको प्रतिवेदन स्वीकृत गरी जिन्सी मिन्हा एवम् लगत कट्टा गर्ने सम्बन्धमा। | जिन्सी शाखा | ११ |
| २०८२।०६।२८ | १०:५५ बजे | इच्छाकामना साहित्य प्रवाह इच्छाकामना-४, चितवनले प्रकाशन गर्न लागेको साहित्यिक पुस्तक "इच्छा दर्पण - ३" प्रकाशनको लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | शिक्षा शाखा | १२ |
| २०८२।०६।२८ | ११:०० बजे | वडा नं. २ को हपनी आमा समूहलाई अत्यावश्यक समाग्री खरिद गरी उपलब्ध गराउने सम्बन्धमा। | जिन्सी शाखा | १३ |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

## पूर्व बैठकको समीक्षा

मिति २०८२।०५।३० मा बसेको ६० औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**मिति २०८२।०६।२८ मा बसेको ६१ औं कार्यपालिका बैठकको निर्णयहरु:**

निर्णय नं.१: हिन्दु महिलाहरुको महान पर्व हरितालिका तिज-२०८२ को अवसरमा वडा नं. ३, कुरिनघाटमा आयोजना गरिएको विविध साँस्कृतिक मनोरञ्जनात्मक कार्यक्रमलाई आर्थिक सहायता स्वरुप प्राप्त बिल भर्पाईका आधारमा भाषा, कला तथा संस्कृति संरक्षण शिर्षकबाट रु. २०,०००।- (अक्षरेपि बीस हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने।

निर्णय नं.२: इच्छाकामना गाउँपालिकाको बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिसँग राखी गरिने वैकल्पिक हेरचाह सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने।

निर्णय नं.३: २०८२ सालको चेपाङ जातीहरुको राष्ट्रिय पर्व न्वाँगी (छोनाम) को अवसरमा नेपाल चेपाङ सङ्घ केन्द्रीय कार्यकारिणी समिति, काठमाडौंको आयोजनामा यस गाउँपालिकाको वडा नं. ६ मा चेपाङ जातीको मौलिक संस्कृति संरक्षण र सम्बर्द्धन गर्ने हेतुले आयोजना गरिएको विविध साँस्कृतिक कार्यक्रम तथा रैथाने खानाका परिकार प्रदर्शन कार्यक्रमलाई आर्थिक सहायतास्वरुप प्राप्त बिल भर्पाईका आधारमा धार्मिक तथा साँस्कृतिक संस्था सहायता शिर्षकबाट रु. ३,००,०००।- (अक्षरेपि तीन लाख मात्र) सहयोग रकम उपलब्ध गराउने।

निर्णय नं.४: भाद्र २३ र २४ गतेको जेन्जी आन्दोलन, लगातारको बर्षाको कारण गाउँपालिका क्षेत्रभित्र पर्ने राजमार्ग लगाए अन्य स्थानमा घटेका बाढी पहिरो लगाएतका घटना र दशैं, तिहार तथा छठपर्व लगाएतका चाडवाडहरुमा हुन सक्ने चोरी डकैती जस्ता सुरक्षासँग सम्बन्धित कार्यमा इलाका प्रहरी कार्यालय र अन्तर्गतका प्रहरी चौकीबाट सुरक्षाकर्मीहरु गस्तिको लागि खटिंदा खपत भएको इन्धनको प्राप्त बिल अनुसारको रकम रु.७२,०००।- (अक्षरेपि बहत्तर हजार मात्र भ्याट सहित) सम्बन्धित आयल स्टोर्सको नाममा भुक्तानी दिने।

निर्णय नं.५: इच्छाकामना गाउँपालिकाको पशु प्रबर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने।

निर्णय नं.६: श्री राष्ट्रिय आधारभूत विद्यालय, खेतबारी, इच्छाकामना-७ को विद्यालय भवनको छाना फेर्ने, झ्याल ढोका मर्मत गर्ने, पर्खालमा प्लाष्टर गर्ने, रंगरोगन गर्ने तथा फर्निचरहरु व्यवस्थापनको लागि प्राविधिकद्वारा लागत अनुमान तयार भई रकम माग भएकोले उक्त कार्य बापत प्राप्त बिल भर्पाईका आधारमा शैक्षिक संस्थाहरुलाई सहायता शिर्षकबाट रु. ५,००,०००।-(अक्षरेपि पाँच लाख मात्र) भुक्तानी दिने।

निर्णय नं.७: २०८२ सालको लक्ष्मीपुजाको अवसर पारेर श्री इच्छाकामना त्रिवेणी कला केन्द्र, इच्छाकामना-५, मुग्लिङले आयोजना गर्न लागेको दिपावली साँझ तथा विविध सास्कृतिक कार्यक्रमको लागि प्राप्त बिल भर्पाईका आधारमा भाषा, कला तथा संस्कृति संरक्षण शिर्षकबाट रु.१,५०,०००।-(अक्षरेपि एक लाख पचास हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा।

निर्णय नं.८: समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम अन्तर्गत आ.व. २०८२।०८३ को लागि गाउँपालिकाको तर्फबाट साझेदारी बापत बेहोर्नुपर्ने कूल बजेटको २०% ले हुन आउने रकम सरकारी तथा गैरसरकारी सङ्घ/संस्था साझेदारी कोष शिर्षकबाट पशु सेवा कार्यालयको विविध खाता ख. २.६ खाता नं. १३१०१००२०२०६०००० र कृषि विकास कार्यालयको सम्बन्धित खातामा जम्मा गर्ने।

निर्णय नं.९: यस गाउँपालिकाको मिति २०८२।०६।०९ गतेको फोहरमैला व्यवस्थापनका लागि व्यवस्थापकीय सेवा करारमा लिने सम्बन्धी सूचना बमोजिम तोकिएको म्यादभित्र रितपूर्वक पेश हनु आएको एकमात्र आवेदनकर्ता गोपी कृष्ण टेडर्स खैरहनी नगरपालिका-३, चितवनसँग विस्तृत छलफल गरी फोहरमैला व्यवस्थापनको कार्य अगाडी बढाउने।

निर्णय नं.१०: आ.व. २०८०।०८१ को ठेक्का नं. NCB/IRM/07/080/081, दाहाखानी स्कूल देखि नयाँ गाउँ टार सडक स्तरोन्नती, इच्छाकामना-७ को निर्माण कार्य सम्पन्न भएकोले प्राविधिक मूल्याङ्कन तथा भुक्तानीको लागि पेश भएको टिप्पणी अनुसार नियमानुसार रनिङ बिल, कर तथा L.D. बापतको रकम रकम कट्टा गरी कायम हुन

हेम बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

आएको भुक्तानी दिनुपर्ने रकम गाउँपालिकाको भुक्तानी बाँकी शिर्षकबाट खर्च लेख्ने गरी सम्बन्धित निर्माण व्यवसायिको नाममा भुक्तानी दिने।

निर्णय नं.११: जेन्जी आन्दोलनको आडमा मिति २०८२ भाद्र २४ गते यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, ४ नं. वडा कार्यालय र २ नं. वडा कार्यालयमा भएको तोडफोड एवम् आगजनीबाट पूर्णरुपमा क्षति भएका जिन्सी सामानहरुको विवरण र मूल्य सहितको प्रतिवेदन स्वीकृत गर्ने र उक्त प्रतिवेदनमा उल्लेख भएका गाउँपालिकामा दाखिला गरिएका सम्पूर्ण खप्ने जिन्सी सामानहरु मिन्हा गरी लगत कट्टा गर्ने।

निर्णय नं.१२: इच्छाकामना साहित्य प्रवाह इच्छाकामना-४, कुरिनटार, चितवनद्वारा प्रकाशन गर्न लागिएको इच्छाकामना साहित्य प्रवाहको बार्षिक मुखपत्र "इच्छा दर्पण-३" नामक साहित्यिक पुस्तक प्रकाशनको लागि आर्थिक सहायता बापत प्राप्त बिल भर्पाईका आधारमा भाषा, कला तथा संस्कृति संरक्षण शिर्षकबाट रु.२५,०००।-(अक्षरेपि पच्चिस हजार मात्र)

निर्णय नं.१३: मिति २०८२।०५।२४ गतेको जेन्जी आन्दोलनको आडमा अराजक समूहले गाउँपालिकाको वडा नं. २, हपनीमा रहेको वडा कार्यालयले प्रयोग गरिरहेको आमा समूहको भवनमा मध्यरातमा गरेको आगजनीबाट २ नं. वडा कार्यालय तथा आमासमूहको सामान जलेर नष्ट भएकोले आमा समूहलाई स्टिल दराज २ थान, सिलावरको डेक्ची ३ थान, स्टिलको थाल १०० थान, सिलाबरको बाल्टी ३ थान, डाडु/पनिऊ ३/३ थान र स्टिलको गिलास ५० थान खरिद गरी उपलब्ध गराउने।

दान बहादुर गुरुङ्
गाउँपालिका अध्यक्ष

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत